ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

<u>प्रस्तावहरुः</u>

१. उद्घाटन सम्बन्धमा ।

२. स्वीकृत सम्बन्धमा ।

३. सडक मर्मत सम्बन्धमा ।

४. स्थानीय भत्ता सम्बन्धमा ।

५. विविध

<u>निर्णयहरुः</u>

१. ऐरावती गाउँपालिका वडा नं. १ अमिलिमा भारतीय राजदुतावास काठमाण्डौ र गाउँपालिको सहकार्यमा निर्माण सम्पन्न भएको विद्यालय भवन तथा छात्रावास भवनको उद्घाटन मिति २०८२/०७/१८ गते गर्ने निर्णय गरियो । साथै उद्घाटनमा लाग्ने खर्च गाउँपालिकाले ब्यहोर्ने निर्णय गरियो ।

२. ऐरावती गाउँपालिका अन्तर्गत शिक्षा युवा तथा खेलकुद शाखाको आर्थिक वर्ष २०८२/०८३ को बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

३. ऐरावती गाउँपालिका भित्रका सबै वडाका सडक शुभ दिपावलीको अवसरमा अवरुद्ध सडक तत्काल सुचारु गर्नेको लागि पालिकामा रहेको ब्याकहो लोडरले समयमा नसक्ने भएकोले गाउँपालिकामा सूचिकृत भएका निर्माण ब्यवसायीहरुलाई कोटेशन मार्फत दररेट माग गरी सडक सोरसार तथा मर्मतको लागि पूर्वाधार विकास शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

४. राष्ट्रिय रोजगार कार्यक्रममा कार्यरत रोजगार संयोजक श्री बिनोद त्रिपाठीले पाउँदै आएको स्थानीय भत्ता र पोषण, पञ्जिकरण र लघु उद्यम विकास कार्यक्रममा कार्यरत कर्मचारीहरुका लागि मंहगी तथा स्थानीय भत्ता कानुन अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

विविधः

- नेवाःदेय, दबु ऐरावती गाउँपालिकालाई भैरव नाच सहयोगका लागि रु ५१ हजार रुपैया लक्षित वर्गको बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।
- विपद् २०८२ असोजमा भएको बर्षातले क्षती भएको ऐरावती गाउँपालिका वडा नं. २ धाईरेखर्क खानेपानी योजना र धाईरेखर्क सिंचाई योजना मर्मतको लागि स्टिमेट अनुसारको रकम विपद् ब्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।